# शिक्षक सेवा आयोगको आचारसंहिता
# २०७८


**नेपाल सरकार**

**शिक्षक सेवा आयोग**

सानोठिमी, भक्तपुर

नेपाल

# शिक्षक सेवा आयोगको आचारसंहिता, २०७८

**स्वीकृत मितिः २०७८/१०/१३**

**प्रस्तावनाः** शिक्षक सेवा आयोगले प्रचलित कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा सुशासनको मूल्य, मान्यता र सङ्गठनको आदर्श अनुरुप स्वतन्त्र, निष्पक्ष एवम् वस्तुनिष्ठ बनाउने र विधि तथा पद्धतिमा आधारित भई योग्यता प्रणालीको संरक्षक संस्थाको रुपमा कार्य गर्नु आवश्यक भएकाले आयोगका काम कारवाही तथा यसको प्रभावकारिता र विश्वसनीयतालाई अक्षुण्ण तुल्याई राख्नका लागि आयोगका पदाधिकारी, दक्ष/विज्ञ र कर्मचारीहरुको आचरण सदाचारयुक्त, सकारात्मक, सहयोगी, सेवामुखी र सुसंस्कृत तुल्याई राख्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

शिक्षक सेवा आयोगले यो आचारसंहिता बनाइ जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो आचारसंहिताको नाम "शिक्षक सेवा आयोगको आचारसंहिता, २०७८" रहेको छ ।

१.२ यो आचारसंहिता शिक्षक सेवा आयोगवाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

२.१ "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्छ ।

२.२ "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्य सम्झनु पर्छ ।

२.३ "दक्ष/विज्ञ" भन्नाले आयोगको परीक्षा लगायतका कार्यमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले बढुवा समितिमा आयोगबाट तोकिने विशेषज्ञ समेतलाई जनाउनेछ ।

२.४ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले आयोगको काममा खटिएका वा परीक्षा सञ्चालन वा अन्य प्रयोजनका लागि खटिएका अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउनेछ ।

२.५ "नाता सम्बन्ध" भन्नाले बाबु, आमा, पति, पत्नी, छोरा-छोरी, धर्मपुत्र-धर्मपुत्री, दाजु-भाइ, दिदी-बहिनी, भाउजु-बुहारी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाइ, मामा-माइज्यू, फुपू-फुपाज्यू, साला-साली र तिनका छोराछोरी समेत सम्झनु पर्छ ।

## ३. आचारसंहिता लागू हुने पदाधिकारी एवम् दक्ष/विज्ञ र कर्मचारीः

३.१ यो आचारसंहिता देहायका पदाधिकारी, दक्ष/विज्ञ र कर्मचारीका हकमा लागू हुनेछः

(क) आयोगका पदाधिकारीहरु,
(ख) दक्ष/विज्ञहरु,
(ग) आयोगको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु,
(घ) आयोगबाट अधिकार पाएका अन्य निकायका पदाधिकारी वा कर्मचारीहरु,
(ङ) आयोगको तर्फबाट सम्पादन गरिने कार्यमा आयोगले खटाएका व्यक्तिहरु ।

तर, आयोगद्वारा करारमा नियुक्त व्यक्ति वा संस्था वा विशेषज्ञ वा सल्लाहकारको हकमा यसको अतिरिक्त करारमा उल्लेख भए बमोजिम हुनेछ ।

## ४. दक्ष/विज्ञले पालना गर्नुपर्ने आचरण:

### ४.१ प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्ने दक्ष/विज्ञले पालना गर्नुपर्ने आचरण:

४.१.१ प्रश्नपत्र निर्माण वा परिमार्जन गर्दा गोप्य रुपमा गर्नु पर्नेछ ।

४.१.२ प्रश्नपत्र निर्माण वा परिमार्जन गर्दा पाठ्यक्रममा तोकिएको सङ्ख्या अनुसार नै प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्नु पर्दछ ।

४.१.३ कुन तह, श्रेणी वा विषयको प्रश्नपत्र निर्माण वा परिमार्जन गर्न दिइएको हो सो कुरा कसैलाई पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्न हुँदैन ।

४.१.४ प्रश्नपत्र निर्माण वा परिमार्जन गर्दा बनाएको टिपोट एवम् खेस्रा कसैले थाहा नपाउने गरी नष्ट गर्नु पर्नेछ ।

४.१.५ प्रश्नपत्र निर्माण वा परिमार्जनकर्ताले आफूले बनाएको प्रश्नपत्रको प्रतिलिपि आफूसँग राख्न वा त्यसलाई कुनै पनि किसिमले सार्वजनिक गर्नु हुँदैन ।

४.१.६ जुन तह, श्रेणी वा विषयको प्रश्नपत्र निर्माण वा परिमार्जन गर्न दिइएको हो सो तह, श्रेणी वा विषयको लागि हुने परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा प्रश्नपत्र निर्माण वा परिमार्जन गर्नु हुँदैन ।

४.१.७ प्रश्नपत्र निर्माण वा परिमार्जन गरिसकेपछि खाममा सिलबन्दी गरी आयोगमा बुझाउनु पर्दछ ।

४.१.८ प्रश्नपत्र निर्माण वा परिमार्जन गर्ने व्यक्ति आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुँदैन । साथै आयोगको पाठ्यक्रम अनुसारको कुनै परीक्षा केन्द्रित पाठ्यसामग्री, गेसपेपर, गाइड निर्माण र प्रकाशनमा संलग्न हुनु हुँदैन ।

### ४.३ उत्तरपुस्तिका परीक्षण गर्ने दक्ष/विज्ञले पालना गर्नुपर्ने आचरण:

४.३.१ उत्तरपुस्तिका परीक्षण गर्ने व्यक्तिले आफूलाई प्राप्त भएको पोका आफ्नो विषय मिल्दो छ, छैन यकिन गरेर मात्र बुझ्नु पर्दछ । साथै पोका बुझेपछि पोकामा उल्लेख भए बमोजिम उत्तरपुस्तिकाको सङ्ख्या यकिन गर्नु पर्दछ ।

४.३.२ कुन तह, श्रेणी वा विषयको उत्तरपुस्तिका परीक्षण गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्न हुँदैन ।

४.३.३ उत्तरपुस्तिका परीक्षण गर्ने व्यक्तिले परीक्षण हलमा हाते झोला, ब्याग र रातो मसी भएको कलम बाहेक अन्य बन्देज गरिएका अन्य सामानहरु आफ्नो साथमा राख्न पाइने छैन ।

४.३.४ जुन तह, श्रेणी वा विषयको उत्तरपुस्तिका परीक्षण गर्न दिइएको हो सो तह, श्रेणी वा विषयको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा उत्तरपुस्तिका परीक्षण गर्न हुँदैन ।

४.३.५ उत्तरपुस्तिका परीक्षण गर्दा प्रदान गरिएको अङ्क कहीं कतै व्यक्त गर्नु हुँदैन ।

४.३.६ उत्तरपुस्तिका परीक्षण गर्दा उत्तर कुन्जिकामा दिइएको निर्देशन पूर्ण रूपमा पालना गर्नु पर्दछ ।

४.३.७ उत्तरपुस्तिका परीक्षण गर्ने व्यक्ति आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा सो सम्बन्धी अध्यापन कार्यमा संलग्न हुनु हुँदैन । साथै आयोगको पाठ्यक्रम अनुसारको कुनै परीक्षा केन्द्रित पाठ्यसामग्री, गेसपेपर, गाइड निर्माण र प्रकाशनमा संलग्न हुनु हुँदैन ।

**४.४ अन्तवार्ता/प्रयोगात्मक परीक्षा/कक्षा अवलोकन/सामूहिक छलफल/सिप परीक्षण र सो कार्यमा खटिने व्यक्तिले पालना गर्नुपर्ने आचरणः**

४.४.१ अन्तर्वार्ता/प्रयोगात्मक परीक्षा/कक्षा अवलोकन, सामूहिक छलफल/सिप परीक्षण र अन्तर्वार्तामा संलग्न व्यक्तिले आफूले दिएको नम्बर अरू कसैलाई पनि देखाउनु हुँदैन र अरुको पनि आफूले हेर्नु हुँदैन ।

४.४.२ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा सो समूहको प्रयोगात्मक परीक्षा/कक्षा अवलोकन, सामूहिक छलफल/सिप परीक्षण र अन्तर्वार्तामा बस्नु हुँदैन ।

४.४.३ अन्तर्वार्ता/प्रयोगात्मक परीक्षा/कक्षा अवलोकन, सामूहिक छलफल/सिप परीक्षण र अन्तर्वार्ता हुनुभन्दा अघि त्यस्तो परीक्षामा आफू संलग्न हुने कुरा कहीँ कतै व्यक्त गर्न हुँदैन ।

४.४.४ अन्तर्वार्ता/प्रयोगात्मक परीक्षा/कक्षा अवलोकन, सामूहिक छलफल/सिप परीक्षण र अन्तर्वार्तामा अङ्क प्रदान गरेको कुरा कहीं कतै व्यक्त गर्न हुँदैन ।

४.४.५ अन्तर्वार्ता/प्रयोगात्मक परीक्षा/कक्षा अवलोकन, सामूहिक छलफल/सिप परीक्षण गर्ने व्यक्तिले कसैको धर्म संस्कृति तथा व्यक्तिगत आचरणमा आँच पुग्ने गरी प्रश्न सोध्न वा त्यस्तो गतिविधि देखाउनु हुँदैन ।

४.४.६ अन्तर्वार्ता/प्रयोगात्मक परीक्षा/कक्षा अवलोकन, सामूहिक छलफल/सिप परीक्षण गर्ने व्यक्ति आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा सो सम्बन्धी अध्यापन कार्यमा संलग्न हुनु हुँदैन । साथै आयोगको पाठ्यक्रम अनुसारको कुनै परीक्षा केन्द्रित पाठ्यसामग्री, गेसपेपर, गाइड निर्माण र प्रकाशनमा संलग्न हुनु हुँदैन ।

**४.५ बढुवा समितिमा तोकिएका दक्ष/विज्ञले पालना गर्नुपर्ने आचरणः**

४.५.१ बढुवा समितिको बैठक बस्नुभन्दा अघि कुन तह, श्रेणी वा पदको बढुवामा भाग लिने हो सो कुरा कहीँ कतै व्यक्त गर्नु हुँदैन ।

४.५.२ बढुवा समितिको बैठकमा के के बिषयमा छलफल भयो, निर्णय सार्वजनिक हुनु पूर्व भएका रायका बिषयमा क-कस्ले के के राय दिए भन्ने कुरा कसैलाई व्यक्त गर्नु हुँदैन ।

४.५.३ कार्यसम्पादन मूल्याङ्कनमा उम्मेदवारले प्राप्त गरेको अङ्क कहीँ कतै व्यक्त गर्नु हुँदैन ।

## ५. स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र समानता सम्बन्धी आचरणहरुः

५.१ आयोगका पदाधिकारी र कर्मचारीहरु आयोगको संस्थागत एवम् कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न हरसम्भव प्रयत्नशील रहनु पर्नेछ ।

५.२ आयोगको परीक्षासँग सम्बन्धित काममा गोपनीयता कायम गर्नुपर्नेछ ।

५.३ आयोगका पदाधिकारी एवम् कर्मचारीले आयोगको कार्यसम्पादन गर्दा पदीय जिम्मेवारी अनुसार कर्तव्य तथा दायित्व निर्वाह गर्ने क्रममा प्रत्यक्ष वा परोक्ष रूपमा आउने बाह्य वा आन्तरिक प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रभावित नभई कानूनको सही रुपमा पालना गरी कार्य सम्पादन गर्नुपर्नेछ ।

५.४ आयोगका पदाधिकारी एवम् कर्मचारीले आफ्नो पदीय जिम्मेवारीका साथै कर्तव्य पूरा गर्दा कानून बमोजिम स्वतन्त्रतापूर्वक गर्नु पर्दछ र आयोगका अन्य पदाधिकारी एवम् कर्मचारीहरुलाई पनि स्वतन्त्रतापूर्वक कार्य गर्न सक्ने सहज वातावरण सृजना गर्नुपर्नेछ । कुनै कार्य गर्न वा नगर्न मातहतको कर्मचारीलाई कुनै प्रकारको हस्तक्षेप गर्न वा अनुचित प्रभाव पार्न वा दबाब दिनु हुँदैन ।

तर, यस दफाले,

(क) कानून बमोजिम निर्देशन दिन वा आदेश दिनलाई बाधा पुऱ्याएको मानिने छैन,

(ख) आयोगको कामको निष्पक्षताका लागि दक्ष/विज्ञ वा आफ्नो मातहतको कर्मचारीसँग सो काममा सहयोग पुग्ने वा सतर्कता अपनाउने उद्देश्यले गरिने छलफल वा रायलाई अनुचित प्रभाव पार्न दवाब दिएको मानिने छैन र

(ग) पदाधिकारी वा कर्मचारीले आफ्नो सहायक कर्मचारीलाई आवश्यक निर्देशन दिई काम लगाउनमा बाधा पुऱ्याएको मानिने छैन ।

५.५ आयोगका पदाधिकारी एवम् कर्मचारीले कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी राष्ट्र र जनताको बृहत्तर हितलाई प्राथमिकता दिई आफ्नो पदीय कर्तव्यको पालना गर्नुपर्नेछ ।

५.६ आयोगका पदाधिकारी एवम् कर्मचारीले सेवाग्राहीहरुप्रति र एक-आपसमा समेत सम्मानजनक र मानवीय व्यवहार गर्नुपर्नेछ ।

५.७ आयोगका पदाधिकारी एवम् कर्मचारीले आयोगको काम कारवाहीमा असर पर्ने गरी वा आयोगको निष्पक्षता, गोपनीयता वा विश्वसनीयतामा आँच पुग्ने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना गर्न वा सार्वजनिक सञ्चार माध्यम वा अन्य कुनै रुपमा अभिव्यक्ति दिनु हुँदैन ।

५.८ आयोगप्रतिको जनविश्वास अभिवृद्धि गर्न आयोगका पदाधिकारी एवम् कर्मचारीले आफ्नो व्यावसायिक तथा निजी जीवनमा उच्चस्तरको आचरण प्रदर्शन गरी समाजमा उदाहरणीय रुपमा प्रस्तुत हुने प्रयास गर्नुपर्नेछ ।

## ६. सदाचार र अनुशासन सम्बन्धी आचरणहरु:

६.१ आयोगका पदाधिकारी एवम् कर्मचारीहरुले सदाचार र अनुशासन सम्बन्धी देहायका आचरण पालना गर्नुपर्नेछः

६.१.१ आयोगको उद्देश्य, नीति, कार्यक्रम, मूल्य एवम् मान्यताप्रति सदा समर्पित हुने ।

६.१.२ आयोगको परीक्षा सम्बन्धी कार्य लगायतका अन्य पदीय कर्तव्य पालना गर्दा विना पूर्वाग्रह गोपनीयता कायम राखी इमान्दारी तथा दक्षताका साथ गर्ने ।

६.१.३ आयोगको अधिकार प्राप्त पदाधिकारी वा आयोगको काममा संलग्न दक्ष/विज्ञ वा कर्मचारीबाट भएका काम कारवाहीको निष्पक्षता र गोपनीयतामा असर पर्ने कुनै कार्य भएको छ भन्ने जानकारी प्राप्त भएमा तत्काल त्यसको जानकारी दिने ।

### ६.२ आयोगका पदाधिकारी एवम् कर्मचारीहरुले गर्न बाधा नपर्ने कार्यहरु:

६.२.१ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षाको सञ्चालन, संयोजन तथा अध्यापनको कार्य बाहेक आयोगको काम कारवाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूले विशेषज्ञता हासिल गरेको विषयमा लिखित वा मौखिक परामर्श र प्रवचन दिन वा अध्ययन, अनुसन्धान सम्बन्धी कार्यहरु गर्न ।

६.२.२ साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जनसम्बन्धी र पेशागत एवम् सामाजिक संस्थाहरुमा सदस्य हुन र त्यस्ता मञ्चहरुमा सहभागी हुन ।

६.२.३ राजनीतिक दल वा त्यस्ता दल सम्बद्ध भ्रातृ सङ्गठन बाहेक प्रचलित कानून बमोजिम मान्यता प्राप्त पेशागत संघ संस्थाहरुले आयोजना गरेको सभा, गोष्ठी आदिमा कार्यालयको काममा बाधा नपर्ने गरी सहभागी हुन ।

६.२.४ आयोगले गोप्य राख्नु पर्ने प्रकृतिका बिषयहरु बाहेक आयोगको उद्देश्य नीति तथा कार्यक्रमका सम्बन्धमा प्रतिकूल असर नपर्ने खालका लेख, रचना प्रकाशन गर्न ।

६.२.५ नेपाल सरकार, कानून बमोजिम स्थापित बैंकिङ्ग एवम् वित्तीय संस्था तथा सार्वजनिक कम्पनीहरुले सार्वजनिक रुपमा जारी गरेको ऋणपत्र, बचतपत्र, शेयर खरिद विक्री गर्न वा लाभांश लिन ।

६.२.६ सबैको लागि खुला गरिएको प्रतिस्पर्धामा सहभागी भई पुरस्कार, पदक, प्रमाणपत्र एवम् सम्मान ग्रहण गर्न ।

६.२.७ नेपाल सरकार वा विदेशी कुटनीतिक निकाय वा अन्तरसरकारी सघ संस्था वा कानून बमोजिम स्थापित कुनै सार्वजनिक संस्थाले आयोजना गरेको कार्यक्रम वा सभा समारोहमा सहभागी हुन ।

६.२.८ प्रचलित कानूनले निषेध गरेका पेशागत क्रियाकलापमा सहभागी हुन ।

**६.३ आयोगका पदाधिकारी एवम् कर्मचारीहरुले गर्न नहुने कार्यहरुः**

६.३.१ आयोगको सहमति बिना आयोगको तर्फबाट कुनै प्रकारको अनाधिकृत प्रतिबद्धता वा प्रतिज्ञा गर्न ।

६.३.२ आयोगका पदाधिकारी एवम् कर्मचारीले पदीय जिम्मेवारी अनुसारको कर्तव्य पालना गर्दा आफूलाई जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रकाश पार्न वा सार्वजनिक गर्न ।

६.३.३ आफू र आफ्नो आफन्त वा आफ्नो निकटका नातेदार वा व्यक्तिहरुसँग सम्बन्धित कुनै काम गराउन वा नगराउन वा आफू कार्यरत वा अन्य निकायका पदाधिकारीलाई दबाब दिन वा अनुचित प्रभावमा पार्ने लगायतका कार्यहरु गर्न गराउन ।

६.३.४ आयोगका अन्य पदाधिकारी वा कर्मचारीले गरिरहेका गोपनीयता कायम गर्नुपर्ने काम कारवाहीका विषयहरुमा अनावश्यक रुपमा खोजीनीति गर्न वा चासो लिन वा हस्तक्षेप गर्न ।

**७. दान, चन्दा, उपहार तथा कोसेली ग्रहण गर्न नहुनेः**

७.१ आयोगका पदाधिकारी एवम् कर्मचारीले कुनै पनि उम्मेदवार वा आयोगसँग आर्थिक कारोबार गरिरहेको वा आयोगबाट सम्पादन हुने कार्यसँग सम्बन्धित वा स्वार्थ

बाझिएको व्यक्ति वा संस्थाबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, चन्दा, उपहार वा कोसेली ग्रहण वा स्वीकार गर्नु हुँदैन ।

## ८. पदको दुरुपयोग गर्न नहुनेः

८.१ आयोगका पदाधिकारी एवम् कर्मचारीले आफू वा आफ्नो परिवार वा कसैको अनुचित लाभ पुग्ने गरी आफ्नो ओहोदा एवम् अख्तियारी प्रयोग गर्न हुँदैन ।

८.२ आयोगका पदाधिकारी एवम् कर्मचारीले आयोगको सम्पत्ति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउँदो किसिमले बाहेक अन्य व्यक्तिगत काममा प्रयोग गर्न हुँदैन ।

८.३ आयोगका पदाधिकारी एवम् कर्मचारीले कार्यालय समयलाई आफ्नो व्यक्तिगत कार्यमा प्रयोग गर्न हुँदैन ।

## ९. गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन नहुने तथा अन्यत्रको रोजगारी स्वीकार्न नहुनेः

९.१ आयोगका पदाधिकारी एवम् कर्मचारीले दफा ६.२.२ मा उल्लेख भएकोमा बाहेक अन्य कुनै गैर सरकारी संघ संस्थाको पदाधिकारी हुन वा त्यस्ता संस्थाको कियाकलापमा संलग्न हुनु हुँदैन ।

९.२ आयोगका पदाधिकारी एवम् कर्मचारीले प्रचलित कानून बमोजिम बाहेक पूरा वा आंशिक समय काम गर्ने गरी बाह्य रोजगारी स्वीकार गर्नु हुँदैन ।

९.३ आयोगका पदाधिकारी एवम् कर्मचारीले कुनै राजनीतिक दल वा त्यस्तो दलसित सम्बन्धित कुनै सघं संस्थाको सदस्यता ग्रहण गर्न र त्यस्ता दल वा संघ संस्थाको कुनै पनि किसिमको गतिविधिमा संलग्न हुनु हुँदैन ।

## १०. नाता सम्बन्ध भएका व्यक्ति संलग्न रहेको विषयको काम कारवाही सम्बन्धमाः

१०.१ आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षामा आफ्नो कुनै नाता सम्बन्ध रहेको व्यक्ति उम्मेदवार रहेको जानकारी हुना साथ सो को लिखित जानकारी आयोगलाई गराउनु पर्दछ । आयोगका पदाधिकारी एवम् कर्मचारीले आफ्नो नाता सम्बन्ध भएका व्यक्ति आयोगको परीक्षामा उम्मेदवार भएमा निष्पक्षता एवम् गोपनीयता कायमका लागि देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुदैनः

१०.१.१ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको परीक्षा केन्द्रमा जानीजानी खटिन,

१०.१.२ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको परीक्षाको उत्तरपुस्तिकामा सङ्केत नं. राख्ने कार्यमा संलग्न हुन,

१०.१.३ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको परीक्षाको प्रश्नपत्र छपाईमा संलग्न हुने कार्य गर्न,

१०.१.४ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको परीक्षाको प्रश्नपत्र निर्माण, परिमार्जन र उत्तरपुस्तिका परीक्षण गर्ने प्रक्रियामा संलग्न हुन,

१०.१.५ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको परीक्षाको लिखित/ प्रयोगात्मक/अन्तिम नतिजा प्रकाशन गर्ने कार्यमा संलग्न हुन,

१०.१.६ लिखित परीक्षाको नतिजा प्रकाशन कार्यमा संलग्न हुने कर्मचारीले सो पदको अन्तर्वार्तामा संलग्न हुन,

१०.२. निष्पक्षता र गोपनीयता कायम गर्नुपर्ने कार्यमा संलग्न हुँदै जाँदा नाता सम्बन्ध भित्रको व्यक्ति देखिन आएमा तत्काल सो को सूचना आफूभन्दा माथिल्लो तहका कर्मचारीलाई दिई सो कार्यबाट अलग हुनु पर्दछ।

## **११. आचारसंहिताको अनुगमनः**

११.१ यो आचारसंहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमका पदाधिकारीबाट गरिनेछः

११.१.१ आयोगको अध्यक्षको हकमा आयोगबाट,

११.१.२ आयोगको सदस्य वा प्रशासकीय प्रमुखको हकमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यबाट,

११.१.३ अन्य कर्मचारीको हकमा आयोगको प्रशासकीय प्रमुख वा निजले तोकेको अधिकृतबाट।

## **१२.विविधः**

१२.१ यो आचारसंहिता पालना सम्बन्धी विषयमा द्विविधा उत्पन्न भएमा कर्मचारीहरुले आयोगका प्रशासकीय प्रमुख समक्ष र प्रशासकीय प्रमुख तथा पदाधिकारीहरुले आयोग समक्ष परामर्श गरी निकासा भए बमोजिम गर्नु पर्नेछ।

१२.२ यस आचारसंहिताको पालना गर्ने गराउने क्रममा कुनै विशेष परिस्थिति आइपरेमा वा कुनै बाधा अड्चन परेमा आयोगले तत्सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

१२.३ आयोगले आवश्यकता अनुसार यस आचारसंहितामा संशोधन एवम् परिमार्जन गर्न सक्नेछ।